## पिपुल इन नीड

पिपुल इन नीड सन् १९९२ मा चेक गणतन्त्रमा स्थापना भएको एउटा गैरनाफामूखी अन्तर्राष्ट्रिय गैरसरकारी संस्था हो । यो संस्था वि.स.२०७२ साल बैसाख महिनामा आएको विनाशकारी महाभूकम्पपछि मानवीय सहायताको कार्यक्रम लिएर पहिलो पटक नेपाल आएको थियो । आफ्ना शुरुवाती दिन देखि नै यस संस्थाले नेपालका दुर्गम क्षेत्रमा बस्ने जनता, सीमान्तकृत जातीय समूहका साथै उमेर र लैङ्गिक कारणले सीमान्तकरणमा परेका समुदायका पक्षमा पैरवी गर्दै आएको छ । साथसाथै उनीहरुका आवश्यकताहरुको धेरथोर सम्बोधन गर्न प्रभावकारी भूमिकासमेत वहन गरिरहेको छ । पछिल्ला दिनहरुमा यस संस्थाले नेपालको विनाशकारी महाभूकम्प पछिको पुननिर्माण अभियानमा कोही पनि प्रभावित र नाजुक स्थितिमा रहेका पीडितहरु बञ्चित हुन नपरोस् भन्ने मानवीय अभिप्रायलाई आत्मसाथ गर्दै काम गरिरहेको छ ।

सम्पर्क

www.peopleinneed.cz

Email: nepal.info@peopleinneed.cz

फोन नं : ०९७७-०१-४००२१००

२७९ रानीबारी मार्ग, लाजिमपात-३, काठमाडौं

## सामुदायिक आत्मानिर्भर केन्द्र

आत्मनिर्भर केन्द्र भूमिहीन तथा गरिब किसानलाई सङ्गठित र सशक्तीकृत गर्दै भूमि अधिकार प्राप्तिको आन्दोलनमा वि सं २०५१ सालदेखि कियाशील छ । यसबीच आत्मनिर्भर केन्द्रले भूमि अधिकारका क्षेत्रमा काम गर्ने राष्ट्रिय अगुवा संस्थाको पहिचान बनाएको छ । मोहियानी हकको आन्दोलनबाट सुरु भएको यो अभियान आज भूमि तथा कृषि अधिकारको सशक्त राष्ट्रिय आन्दोलन बनेको छ । यहाँसम्म आइपुग्दा भूगोलमात्र फैलिएको छैन, भूमि अधिकारका मुद्दा, बुझाइ, दृष्टिकोण, आन्दोलनमा सङ्घर्षरत र सहयोगी समुदाय, मूल्य-मान्यता आदि पक्ष पनि फैलँदै गएको छ । गरिबी र अन्यायको जरो भूमिको अन्यायपूर्ण वितरणले गरिब नागरिकको मानव अधिकार हनन् भइरहेको छ र यसलाई न्यायोचित बनाउनुपर्छ भन्नेमा संस्थाले अविचलित यात्रा तय गरेको छ । यसरी काम गर्ने सन्दर्भमा समस्या मात्र उजागर गर्ने नभई विकल्पहरु बहसमा ल्याउने र सामर्थ्य अनुसार आफैं पनि अभ्यास गर्दै आइरहेको छ । आफ्ना लक्ष्य भेट्न अझै संस्थाको कामलाई सघन बनाउँदै लैजाने र नतिजामा केन्द्रित हुने तथा भूमि अधिकारबाट वञ्चितको जीवनमा महसुस हुने परिवर्तन स्वयम् समुदायसँगै मिलेर ल्याउने संस्थाको अठोट छ ।

सम्पर्क

www.csrcnepal.org

Email: landrights@csrcnepal.org

फोन नं : ०९७७-०१-४३६०४८६, ०९७७-०१-४३५७००५

फ्याक्स नं : ०९७७-०१-४३५७०३३

धापासी, काठमाडौं

# दिगो समाधान

DURABLE SOLUTIONS

**भू-प्रकोपका कारण विस्थापित भएका वा जोखिममा परेका घरधुरीका लागि दिगो समाधानमा सहजीकरण परियोजना**



©Sajana Shrestha

दातृ निकाय

कंसोर्टियम

समयावधि: फेब्रुअरी २०१८ - फेब्रुअरी २०२०



साउन २२, २०७४ मा भारी वर्षाका कारण पहिरो गई उत्तरगया -४, पहिरेवेसी, रसवामा १४ घरहरु पुरिए र एकै परिवारका ४ जनाले ज्यान गुमाएका थिए । क्रेडिट: सजना श्रेष्ठ

## कार्यक्रमको उद्देश्य

राष्ट्रिय पुर्ननिर्माण प्राधिकरणको बस्ती स्थानान्तरण र आवास निर्माण अनुदान कार्यक्रमद्वारा भू-प्रकोप (भूकम्प तथा पहिरो) को कारण जोखीमयुक्त क्षेत्रमा परेका, सम्भावित जोखीमयुक्त क्षेत्रका र भूमिहीन घरपरिवारको लागि जग्गा प्राप्ति तथा निजी आवास पुनर्निर्माण अनुदान लिनका लागि सहजीकरण गर्ने ।

## कंसोर्टियमद्वारा प्रदान गरिएको सहयोग

— भू-प्रकोपका कारण जोखीमयुक्त क्षेत्रमा परेका, सम्भावित जोखीमयुक्त क्षेत्रका र भूमिहीन घर परिवारलाई सुरक्षित जमिनमा पुनर्वास गराउन दिगो समाधान कार्यक्रम सञ्चालन गरी राष्ट्रिय पुनर्निर्माण प्राधिकरणलाई सहयोग गर्ने ।

— जोखीमयुक्त क्षेत्र र सम्भावित जोखीमयुक्त क्षेत्रका घरपरिवारलाई सम्बन्धित नीतिहरू, उनीहरूको समुदायको भू-प्रकोपको वर्गीकरण र दिगो समाधानका बारेमा पर्याप्त जानकारी गराउने र सोको सुनिश्चितता गर्ने ।

— सरकारको योजनाअनुसार प्रभावित घरपरिवारलाई लालपुर्जा दिलाउने कार्यमा सहजीकरण गर्ने र जग्गा प्राप्ति तथा निजी आवास पुनर्निर्माण अनुदान लिनको लागि आवश्यक पर्ने कागजातहरू तयार गर्न सहयोग गर्ने ।

— बस्ती स्थानान्तरण कार्यक्रमका साथसाथै आवास निर्माण अनुदान लिने कार्यमा लाभग्राही सूचीमा सूचीकृत (नामाङ्कन) गर्न प्रभावित घरपरिवारलाई सहयोग गर्ने ।

— पूर्व तयारी र प्राविधिक सहयोगका कार्यक्रमहरूमार्फत विस्थापित एवम् पूनर्स्थापित घरपरिवारको उत्थानशिलता बढाउन सहजीकरण गर्ने ।

## मुख्य परिभाषा

**भू-प्रकोप सर्भेक्षण :** राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले सम्बन्धित निकायहरूको समन्वयमा गरेको सर्भेक्षणले सम्भावित वा वास्तविक जोखीम स्थानमा बसोबास गर्दै आएका परिवारलाई ३ तहमा वर्गीकृत गरेको छ ।

**भू-प्रकोपका कारण विस्थापित व्यक्ति :** व्यक्ति वा परिवार, जो उच्च भू-जोखीमको कारण आफ्नो स्थान छाडी अन्यत्र स्थानान्तरण भएका । भूकम्पको कारण प्रभावित भएको मुख्य ३१ जिल्लाहरुबाट विस्थापनमा परेका । सबै जोखीमयुक्त क्षेत्रका बासिन्दा विस्थापित हुन् तर विस्थापितहरु फरक फरक भू-खतराका पनि हुन सक्छन् ।

**सम्भावित विस्थापित व्यक्ति :** व्यक्ति वा घरपरिवार जो विस्थापित नभएको तर राष्ट्रिय पुर्ननिर्माण प्राधिकरणको अध्ययनमा जोखिमयुक्त बस्तीभित्र परेका ।

**वर्ग १ घरधुरी (क्याट १) :** त्यस्ता घरधुरीहरू जसको पहिला घरभएको स्थान, आवास पुनर्निर्माण र जीविकाको लागि सुरक्षित रहेको ।

**वर्ग २ घरधुरी (क्याट २) :** त्यस्ता घरधुरीहरू जुन २०७२ को भूकम्पबाट असुरक्षित ठानी अन्यत्र स्थान्तरण भएका वा सोही स्थाननमा बसोबास गरेर पनि भू-जोखिमको त्रासमा रहेका र राष्ट्रिय पुर्ननिर्माण प्राधिकरणको भू-खतरा अध्ययनले संरक्षण (वृक्षारोपन, ग्याविन, बाटो निर्माण, पुर्वाधार विकास, पानीको निकास, आदि) गरी बस्न योग्यको लिष्टमा राखेका घरधुरीहरु । तर संरक्षण गर्दा पनि जोखिममा नै रहेमा संरक्षण हुन नसक्ने भएमा यसलाई प्राधिकरणले वर्ग ३ मा पनि लैजान सक्ने छ ।

**वर्ग ३ घरधुरी (क्याट ३) :** भू-प्रकोपका कारणले राष्ट्रिय पुर्ननिर्माण प्राधिकरणले असुरक्षित र जोखिमयुक्त घरधुरीहरूको रुपमा निर्णय गरी स्थानान्तरण गर्नुपर्ने घरधुरीहरुको लिष्टमा राखिएको । यस्ता घरधुरीहरु भू-खतरा वा जोखिमका कारणले अयन्त्र स्थानान्तरण भई बसिरहेका वा जीविकाको कारणले जोखिम स्थानमा नै बसोबास गरिरहेका पनि हुन सक्छन । राष्ट्रिय पुर्ननिर्माण प्राधिकरणले यस्ता बस्तीहरुमा पुनर्निर्माण वा नीजि आवास निर्माणमा रोक लगाएको छ र जोखिमयुक्त बस्ती स्थानन्तरण कार्यविधि २०७४ तयार पारी यस्ता जोखिमयुक्त बस्तीहरुलाई सुरक्षित स्थानमा स्थानान्तरणका लागि सहयोग गरिरहेको छ ।




दिगो समाधान परियोजनाको कार्य क्षेत्र